नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ
फोन: ४४४१०४५, ४४१९८०४, ४४१९८०५
फ्याक्स : ९७७ १ ४४४१०५०
E-mail : noteprocurement@nrb.org.np
Web Sites : www.nrb.org.np
पोष्ट बक्स : ३५९

परिपत्र/सफा नोट नीति/२०७६/७७

मितिः २०७७/०२/११

**इजाजत पत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु ।**

**विषयः सफा नोट नीति कार्यान्वयन सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट मिति २०७३/०१/१२ मा जारी भएको सफा नोट नीति, २०७३ लाई देहाय बमोजिम संशोधन गरिएको सम्बन्धमा यो परिपत्र जारी गरिएको छ ।

१. बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुन आएका नोटहरुलाई ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी नोटलाई तीन वर्गमा छुट्याउनु पर्नेछ ।

२. ए.टि.एम. लगायतका मेशीनहरुको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

३. काउण्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा सेतो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

४. चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रङ्गको स्लिप प्रयोग गर्नुपर्नेछ ।

५. बुँदा नं. २, ३, र ४ मा उल्लिखित स्लिपहरुमा बैंक तथा वित्तीय संस्थाको नाम, कार्यालय/शाखाको नाम र छाप, नोट गन्ती गर्ने कर्मचारीको नाम, कर्मचारी परिचय नम्बर, सही र मिति सम्बन्धी विवरण अनिवार्य रुपमा हुनु पर्दछ ।

६. नोटमा स्टिचको प्रयोग गर्नुहुँदैन । यसमा आवश्यकतानुसार रबर/प्लाष्टिक/पेपर बैण्ड प्रयोग गर्न सकिनेछ । साथै, नोटमा नलेख्ने, केरमेट नगर्ने र हिफाजत गर्ने/गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

७. झुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेको, छपाई बिग्रेको, नोटमा रहेका अक्षर, अंक, चित्र तथा सुरक्षण विशेषताहरु नबुझिने वा बिग्रिने गरी रङ्ग लागेको/लेखिएको/कोरिएको/मेटिएको/च्यातिएको वा पूर्वराजाको तस्वीर अङ्कित भएको नोटलाई पुनः निष्काशन अयोग्य नोटको रुपमा वर्गीकरण गर्नुपर्नेछ र त्यस्ता नोटलाई चलनचल्तीको लागि पठाउनु हुँदैन ।

चलनचल्तीमा पठाउन अयोग्य नोट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा (नोटकोष वा नेपाल राष्ट्र बैंकमा पहुँच नहुने वित्तीय संस्थाहरुले) र अन्य बैंक तथा वित्तीय संस्थाले नोटकोष वा नेपाल राष्ट्र बैंकमा नै जम्मा गर्नुपर्नेछ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ
फोन: ४४४१०४५, ४४१९८०४, ४४१९८०५
फ्याक्स : ९७७ १ ४४४१०५०
E-mail : noteprocurement@nrb.org.np
Web Sites : www.nrb.org.np
पोष्ट बक्स : ३५९

८. भुक्तानी गर्दा वा सटही सुविधा उपलब्ध गराउँदा माथि उल्लिखित बुँदा नं. २ र ३ बमोजिमका चलनचल्तीमा पठाउन योग्य नोट मात्र प्रयोग गुर्नपर्नेछ । यसरी भुक्तानी वा सटही गर्नुपूर्व नोटलाई निश्चित प्रक्रिया अपनाई जीवाणु तथा भाइरस रहित (Disinfect) गर्नुपर्नेछ ।

९. नोट राख्ने दराज, फर्निचर, भल्ट, नोट ओसारपसार गर्ने सामग्री सफा हुनुपर्नेछ । साथै, नोट भण्डारण गर्ने ढुकुटी र कारोबार गर्ने कक्षहरुमा यथोचित प्रकाश एवम् Exhaust Fan आदिको प्रयोग गरी पर्याप्त हावाको व्यवस्था भएको हुनुपर्नेछ ।

भवदीय,

(विश्रुत थापा)
कार्यकारी निर्देशक

**बोधार्थ तथा कार्यार्थ :**

१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, उपत्यका बाहिरका कार्यालयहरु ।
१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
११) श्री डिभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार, काठमाण्डौ ।
१३) श्री लघुवित्त बैंकर्स संघ, काठमाण्डौ ।